# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........प्रशासन.......... शाखा)

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या :- ०७७/०७८

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ९८२

मिति :- २०७७/०९/०७


**विषयः-जानकारी सम्वन्धमा ।**

सम्पुर्ण सरकारी वकीलज्यूहरु,

महान्यायाधिवक्ताको कार्यालयको ७० औं स्थापना दिवसको अवसरमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू बाट महान्यायाधिवक्ताको कार्यालयको नवनिर्मित भवन एवं सरकारी वकीलहरुको तेश्रो राष्ट्रिय सम्मेलन, २०७७ को समुद्‌घाटन गर्ने कार्यक्रम रहेको व्यहोरा विदितै छ ।

उक्त उद्‌घाटन एवं समापन सत्रमा महान्यायाधिवक्ताको कार्यालय एवं काठमाडौं उपत्यका स्थित कार्यालयमा कार्यरत सहन्यायाधिवक्ताज्यूहरु र सो भन्दा माथिका पदाधिकारीज्यूहरु लाई तपसिल बमोजिमको मिति, समय र स्थानमा उपस्थितिकोलागि अनुरोध छ । साथै, अन्य सरकारी वकीलहरु भर्चुअल विधि मार्फत उक्त कार्यक्रममा सहभागि हुनुहुन आदेशानुसार अनुरोध छ ।

**तपसिलः-**

**१.उद्‌घाटन सत्रः-**

- मितिः- २०७७ साल पौष ८ गते बुधवार ।
- समयः- दिनको २.०० बजे ।
- स्थानः- महान्यायाधिवक्ताको कार्यालयको नवनिर्मित भवन ।
- पोशाकः- नायव महान्यायाधिवक्ताको हकमा सेतो दौरा सुरुवाल, ग्रे कोट, कालो टोपी र कालो जुत्ता, पुरुष सहन्यायाधिवक्ताको हकमा सेतो दौरा सुरुवाल,कालो कोट,कालो टोपी र कालो जुत्ता, सो तहका महिला सरकारी वकीलको हकमा निजामती पोशाकको सारी चोलो /ब्लाउज र कालो कोट र अन्य सरकारी वकील तथा कर्मचारीको हकमा निजामती पोशाक ।

**२.सम्मेलन सत्रको दोश्रो दिनः-**

- मितिः- २०७७ साल पौष ९ गते विहिवार ।
- पोशाकः- सहन्यायाधिवक्ता वा सो भन्दा माथिका सरकारी वकीलको हकमा उद्‌घाटन सत्रमा तोकिएको पोशाक वा निजामती पोशाक र अन्य सरकारी वकीलको हकमा निजामती पोशाक ।

**३.समापान सत्रः-**

- मितिः- २०७७ साल पौष १० गते शुक्रवार ।
- समयः- दिनको ३.०० बजे ।
- स्थानः- महान्यायाधिवक्ताको कार्यालयको नवनिर्मित भवन ।
- पोशाकः- नायव महान्यायाधिवक्ताको हकमा सेतो दौरा सुरुवाल, ग्रे कोट, कालो टोपी र कालो जुत्ता, पुरुष सहन्यायाधिवक्ताको हकमा सेतो दौरा सुरुवाल,कालो कोट,कालो टोपी र कालो जुत्ता, सो तहका महिला सरकारी वकीलको हकमा निजामती पोशाकको सारी चोलो /ब्लाउज र कालो कोट र अन्य सरकारी वकील तथा कर्मचारीको हकमा निजामती पोशाक ।

पुनश्चः- सम्मेलनको कार्यमा खटिनु भएका सम्पुर्ण सरकरी वकील तथा कर्मचारीहरु सबै दिनहरुमा उपस्थित हुनु हुन ।

(गुरुप्रसाद वाग्ले)
उपन्यायाधिवक्ता

E:\आ.व. २०७७।७८\पत्रहरु.rtf


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np


Scanned with CamScanner